Research Journal of Padmakanya Multiple Campus Vol. 4, No. 1, September 2025 © RMC-TU

# जडताको ताण्डव कवितासङ्ग्रहमा समाजशास्त्रीय चिन्तन

डा. फणीन्द्रराज निरौला *

**लेखसार**

प्रस्तुत शोधलेखमा कवि उमेश उपाध्यायद्वारा लिखित जडताको ताण्डव कवितासङ्ग्रहमा समाजशास्त्रीय चिन्तनबारेमा विश्लेषण गरिएको छ । यस कृतिमा अभिव्यक्त समाजशास्त्रीय चिन्तनको अभिव्यक्ति के कस्तो रूपमा रहेको छ भन्ने समस्याको निरूपण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ भने यसमा पुस्तकालय विधिबाट सङ्कलन गरिएका तथ्याङ्कलाई विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ। विशेषतः यसमा मार्क्सवादी समाजशास्त्रले अघि सारेका मूलभूत मान्यतालाई अवलम्बन गरी यसमा मूलतः वर्तमान मानव समाजका असन्तोष, विसङ्गत, सामाजिक, राजनीतिक, सांस्कृतिक अवस्था, दीनता, शासकीय क्रूरता, जडता, गतिहीनता आदिको चित्रण व्यङ्ग्यात्मक रूपमा गरिएको छ। यिनै क्षणगत चेतनालाई कविले समाजशास्त्रीय चिन्तनलाई आधार मानेर अभिव्यक्ति दिएका छन्। समाजशास्त्री तेनबाट स्विकारिएको साहित्यको क्षण, प्रजाति र पर्यावरणका आयामहरू यहाँ समेटिएका छन् । साथै, यहाँ क्षणगत तथा युगबोधलाई हेर्दा युग विकासका क्रममा देखिएका जडता नै सामाजिक जडता भएको, प्रगतिको बाधक भएको, आम मानिसको सुखी, सभ्यता र खुसीको बाधक भएको कुरालाई मुख्यतः उल्लेख गरिएको छ। यसै गरी युद्ध, हिंसा, बलात्कार, अन्याय, अत्याचार, अनिर्णयलाई समाजको नकारात्मक विकासका रूपमा लिइएको छ र यसको कारक तत्त्व जडता हो भन्ने कविको ठहर छ। अतः जडता विकास र प्रगतिको बाधक भएकाले त्यसको अन्त्य नै समाधानको सूत्र रहेको युग चिन्तनलाई निष्कर्षका रूपमा उल्लेख गरिएको छ । मानव विकासको युगीन ऐतिहासिक चेतनाका आधारमा मानवीय सभ्यताको सर्वेक्षणसहित विद्यमान समाजमा अनेक जडताका रूपहरूको अन्त्य गर्न युवाहरू सक्रिय हुनुपर्ने र यसको अन्त्य गरी सुन्दर मानव सपनाहरूको साकार समाज र जीवनको गति अघि बढाउनु पर्ने निष्कर्ष यस शोधलेखको प्राप्ति हो । यसमा यथेष्ट मात्रामा समाजशास्त्रीय चिन्तनको सिर्जनात्मक प्रयोग भएको कुरालाई साक्ष्यहरूका आधारमा निष्कर्ष निकाएको छ ।

***शब्दकुञ्जिका :*** मनोदशा, मनोवैज्ञानिक, मानवशास्त्र, युगचेतना, समाजशास्त्र ।

## विषय परिचय

साहित्य स्रष्टा उमेश उपाध्यायद्वारा लिखित *जडताको ताण्डव* कवितासङ्ग्रहमा समाजशास्त्रीय चिन्तनको अभिव्यक्ति कसरी भएको छ भन्ने प्रश्नको समाधान खोज्ने काम यहाँ गरिएको छ । उपाध्याय समकालीन नेपाली साहित्यका क्षेत्रमा कविता, उपन्यास, नियात्रा, निबन्ध, मुक्तकलगायतका विधाहरूमा कलम चलाउने बहुमुखी स्रष्टा हुन् । विद्यार्थी जीवनकालदेखि नै यिनी सिर्जनाकर्ममा संलग्न हुँदै आएका हुन् तापनि चालिसको दशकदेखि मात्रै विविध विधाको लेखन र प्रकाशनमा आफूलाई क्रियाशील बनाउँदै आएको पाइन्छ । अर्थशास्त्रमा स्नातकोत्तर गरी त्रिभुवन विश्वविद्यालयमा तीन दशकभन्दा लामो समयसम्म प्राध्यापनकर्म गरी सेवानिवृत्त जीवन बिताइरहेका यी स्रष्टा साहित्य सिर्जना, श्रमिक अधिकार एवम्

* सहप्राध्यापक, नेपाली विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, त्रि.वि., E-mail: phninrula@gmail.com

श्रमसम्बन्धी अनुसन्धान र समाजसेवाका क्षेत्रमा क्रियाशील छन् । यिनले सामाजिक, राजनीतिक, साहित्यिक आदि क्षेत्रका थुप्रै अनुभवहरू सँगाल्दै सिर्जना कर्मलाई निरन्तरता दिँदै आएका छन् । यिनको सिर्जनात्मक यात्रा विगत तीन दशकभन्दा लामो समयदेखि निकै गतिशीलताका साथ अघि बढिरहेको पाइन्छ । सामाजिक चेतना फैलाउने र समाज रूपान्तरणको शङ्खघोष गर्दै अघि बढेका उपाध्यायका हालसम्म *आस्थाको प्रदेश* (कवितासङ्ग्रह-२०४८), *कालान्तरमा फेरि* (विज्ञान उपन्यास २०५८), *यसपटकको रावण* (कवितासङ्ग्रह-२०६२), *शाही तबेलाका बुढा घोडाहरू* (कवितासङ्ग्रह- २०७२), *जडताको ताण्डव* (कवितासङ्ग्रह- २०७३), *गुरुकूल विद्रोह* (पौराणिक अतीतमा आधारित उपन्यांस- २०७७), गन्तव्यहीन प्रस्थानहरू (अन्तर्यात्रा मिश्रित-२०८१) आदि विभिन्न विधाका कृतिहरू प्रकाशित भइसकेका छन् भने अन्य थुप्रै कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

कवि उमेश उपाध्यायकृत *जडताको ताण्डव* कवितासङ्ग्रह लामा लामा पाँचओटा कविताहरू समेटिएको र मुक्तलयमा लेखिएको कृति हो । यिनले मुक्तकीय, प्रगीतात्मक एवम् मध्यमस्तरका लामा कविता पनि सिर्जना गरेका छन् । यिनी नेपाली कवितामा प्रगतिशील र प्रगतिवादी वैचारिक धारका कविता सिर्जना गर्ने सर्जकका रूपमा चिनिँदै आएका छन् । कवि उपाध्याय समाजका यथार्थिक विषयवस्तुलाई आफ्ना कवितामा समावेश गरी सामाजिक चेतना फैलाउन चाहने स्रष्टा हुन् । यिनका कवितामा समाजको विरूप पक्षहरूमाथि आलोचनात्मक टिप्पणीसहित प्रगतिवादी वैचारिकता प्रमुख रूपमा आएको पाइन्छ । सामाजिक रूपान्तरण नै यिनको कविता लेखनको मूल उद्देश्य रहेको देखिन्छ । यस आधारमा हेर्दा यिनको विवेच्य काव्य कृतिलाई साहित्यको समाजशास्त्रीय मान्यता सापेक्षरूपमा अनुशीलन गर्दै निष्कर्षमा पुग्नु उचित हुन्छ । अतः यस शोधलेखमा कवि उपाध्यायको विवेच्य कवितासङ्ग्रहको साहित्यको समाजशास्त्रीय सैद्धान्तिक दृष्टिकोणबाट अनुशीलन गरी यसमा अभिव्यक्त सामाजिक आयाम, संस्कृति, अनुभूतिजन्य चेतनाको अभिव्यक्तिबाट निष्कर्ष निकाली प्रस्तुत गरिएको छ ।

## अध्ययन विधि

*'जडताको ताण्डव कवितासङ्ग्रहमा समाजशास्त्रीय चिन्तन'* शीर्षकको प्रस्तुत शोधलेख यस कवितासङ्ग्रहमा निहित समाजशास्स्त्रीय चिन्तनको निरूपणमा केन्द्रित छ । काव्यात्मक अभिव्यक्तिको लघु रूप मानिएको कविताको सैद्धान्तिक मान्यता र विधागत पहिचानसमेत स्थापित गरिसकेको छ । अतः पुस्तकालयबाट *जडताको ताण्डव कवितासङ्ग्रह*लाई प्राथमिक सामग्रीका रूपमा उपयोग गर्दै प्राप्त सामग्रीको विश्लेषणका लागि साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यताका आधारमा कवितासङ्ग्रहको विश्लेषण गरिएको छ । यो अध्ययन समाजशास्त्रको सौन्दर्यशास्त्रसँग सम्बन्धित छ भने यस अध्ययनमा कृतिकेन्द्री साहित्यिक अनुसन्धान पद्धतिको उपयोग गरिएकाले सम्बन्धित सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस अध्ययनको प्राथमिक सामग्रीका रूपमा उमेश उपपाध्यायको *जडताको ताण्डव* कृतिलाई लिइएको छ । यसै कृतिबाट प्राथमिक सामग्रीको निष्कर्षमा पुग्ने सन्दर्भमा विश्लेषणात्मक पद्धतिको उपयोग गर्दै अध्ययनको निष्कर्ष निकालिएको छ । कवितासङ्ग्रह विश्लेषणको मुख्य आधार उपाध्यायको कतिासङ्ग्रहमा प्रस्तुत समाजशास्त्रीय चिन्तनलाई मानिएको छ । समाजशास्त्रीय वैचारिक चिन्तनको अध्ययनका निम्ति हिन्दी, अङ्ग्रेजी र नेपाली भाषाका समालोचनात्मक ग्रन्थ तथा साहित्यशास्त्रबाट द्वितीयक सामग्री सङ्कलन गरिएको छ । व्याख्या विश्लेषणका सन्दर्भमा द्वितीयक सामग्रीकै रूपमा नेपाली भाषाका समालोचनात्मक ग्रन्थहरू, अनुसन्धानात्मक लेखहरू आदिको उपयोग पनि गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

प्रस्तुत शोधलेखमा साहित्यको समाजशास्त्रीय सैद्धान्तिक मान्यतालाई कविता विश्लेषणको मुख्य आधार बनाइएको छ । साहित्यको समाजशास्त्रका विभिन्न आयामहरूमध्ये यसमा फ्रान्सेली विद्वान् हिप्पो लाइट एडोल्फ तेनको समाजशास्त्रीय समालोचना सम्बन्धी मान्यतालाई प्रयोग गरिएको छ। तेनले प्रवर्तन र प्रयोग गरेको साहित्यको समाजशास्त्रीय मन्यताअन्तर्गत मूलतः क्षण तथा युग, परिवेश र प्रजातिलाई लिइन्छ। यस शोधलेखमा मूलतः क्षणगत संरचना अर्थात् युगबोधको मान्यताको उपयोग गरी विवेच्य कृतिमा रहेका कविताहरूको विश्लेषण गरिएको छ ।

साहित्यको समाजशास्त्रमा क्षणको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । क्षणको संरचना भन्नाले मानिस बाँचेको समयको चेतना भन्ने बुझिन्छ। मानिस समाजको निश्चित आयामभित्र बाँचेको हुन्छ। यसमा स्रष्टा पनि विभिन्न क्षणगत संरचनामा नै रहेको हुन्छ। क्षणविनाको कुनै पनि जीवनको अस्तित्व रहन्न । प्रत्येक क्षणसित सामाजिक चेतना रहने गर्छ। सामाजिक चेतनाको स्वरूपअनुसार नै क्षण संरचना निर्माण हुन्छ। समाज, लेखक र पाठकका बिचमा क्षणगत सम्बन्धले चेतनाको स्वरूप निर्धारण गरेको हुन्छ ।

साहित्य सामाजिक क्षणहरूको प्रभावबाट विकसित लेखकीय चेतना हो । साहित्यमा समाजको प्रतिविम्बन हुनु नै समाजका क्षणगत स्वरूपको प्रतिविम्बन हुनु हो । यसैलाई समालोचक तेनले सैद्धान्तिकीकरण गरी साहित्यको समाजशास्त्रीय समालोचनाको मान्यता बनाएका छन्। तेनका मतमा क्षण, परिवेश र मानिसका विभिन्न प्रजातिका सहसम्बन्ध रहेको हुन्छ (जैन, सन् १९९२) । यही सहसम्बन्धबाट सामाजिक चेतना निर्माण हुन्छ। यसैमा द्वन्द्वात्मक क्रिया आउँछ र समाज गतिशील रहन्छ। तेनले कुनै पनि परिवेशलाई हामीले ख्याल राख्दा त्यसमा देखापर्ने तत्त्वहरू असीमित प्रकारले रहन्नन् भनेका छन्। उनका अनुसार ती जहिले पनि निश्चित र वस्तुपरक रहेका हुन्छन्। कुनै पनि क्षणमा विगतका असीमित धारणाहरू, ज्ञान, अनुभूतिहरू रहेका हुन्छन् । त्यसले ती क्षणहरूलाई वर्तमानमा विश्लेषण गर्ने आधार प्रदान गर्दछन् (तेन, सन् १८७१, पृ. ११) क्षणसम्बन्धी तेनको मान्यताले समयको परिवर्तनलाई मूल केन्द्रमा राखेर मानव समाजका मूल्य मान्यताको क्षणगत परिवर्तनलाई सापेक्ष अध्ययन गर्ने धारणालाई अभिव्यक्त गरेको छ । तेनले भनेका छन्- “सबैको मूल कारण हरेक मूल्य तथा मान्यताहरू समयसँगै तिनमा अवश्यंभावी परिवर्तनलाई आत्मसात् गर्ने वा ग्रहण गर्ने प्रवृत्ति राख्दछन् । जस्तै मानव प्रजाति, सभ्यता तथा भौतिक विकासको प्रतिनिधित्वलाई यसको उदाहरणमा लिन सकिन्छ (तेन, सन् १८७१ : पृ. ९) । तेनले समाजका आधारहरू मानव जीवनका गतिशीलता नै रहेको स्वीकार गरेका छन्। यसमा ज्ञान, ज्ञान प्रक्रिया र समाजका तत्त्वहरूको भूमिकालाई उनले प्रजाति, परिवेश र क्षणका रूपमा संश्लेषण गरेका हुन्।

तेनको साहित्यको समाजशास्त्रीय मन्यताको परिपूरक धारणाको रुपमा रेमन्ड विलियम्सको सांस्कृतिक संरचना पनि महत्त्वपूर्ण रहेको छ । समाज र संस्कृतिविना कुनै पनि समाजको क्षणको व्याख्या गर्न सकिन्न । समाज हुनासाथ संस्कृति हुन्छ । त्यसलाई विलियम्सले सैद्धान्तिक आधारहरू बनाएर विश्लेषण गरेका छन् (गोल्डमान, सन् १९८०)। यसलाई संस्कृतिको समाजशास्त्री पनि भन्ने गरिन्छ। समाजको एकता र अनेकताको सम्बन्धमा रहेका विविधता नै सांस्कृतिक अध्ययनको विषय क्षेत्र भएको विलियम्सको मत छ। उनका अनुसार संस्कृतिको समाजशास्त्रको आधारभूत सिद्धान्त भनेको सूचीकृत वा पृथक् तत्त्वहरूका समग्र जटिल एकता नै हो। पक्कै पनि संस्कृतिको समाजशास्त्रको आधारभूत कार्य यही जटिल एकताभित्रको अन्तर सम्बन्धहरूको विश्लेषण हो । यसभित्र विभिन्न संस्थाहरूको सीमित समाजशास्त्रहरू र अझ एक्ल्याइएका रूपहरूको विश्लेषण पनि हो (रेमन्ड, सन् २०१०, पृ.१४०) । तेनको समाजशास्त्रको

अध्ययनमा सहयोग पुग्ने सांस्कृतिक समाजशास्त्रीय मान्यताले समालोचनालाई अझै सामाजिक स्वरूपसित जोड्ने कार्य गर्दछ ।

साहित्यको समाजशास्त्रको अध्ययनमा ग्राम्सीको मान्यता पनि महत्त्वपूर्ण रूपमा उल्लेख्य रहेको छ । उनी पनि समाजशास्त्रीय मान्यताका पक्षपोषक विद्वान् हुन् । समीक्षक सिंहले ग्राम्सीको मान्यतालाई उद्धृत गरी विश्लेषण गरेअनुसार ग्राम्सीले समूहमा विश्वदृष्टिको अभिव्यक्ति हुने कुरा उल्लेख गरेका छन् । साथै विशिष्ट विश्वदृष्टिको माध्यमबाट खास भाषा, समुदाय, संस्कृति र समाजको स्तर बोध हुने गरी साहित्यको समाजशास्त्रीय अध्ययन गर्नुपर्ने राय ग्राम्सीले व्यक्त गरेका छन् (सिंह, सन् २००७, पृ.२६) । यी विभिन्न मतहरूका आधारमा साहित्यको समाजशास्त्रीय अध्ययनमा सामाजिक युगचेतना, संस्कृति र अनुभूतिसित साहित्यिक सम्बन्ध रहेको स्पष्ट हुन्छ । तेनको क्षणगत आयामलाई हेर्न र त्यसको वस्तुपरक धरातलमा विवेचना गर्न पनि संस्कृति र सामाजिक विश्वदृष्टिको सापेक्षता आवश्यक रहेको प्रस्ट भएको छ । यिनै साहित्यको समाजशास्त्रीय मान्यताको सापेक्षतामा यस शोधलेखमा क्षणगत आधारलाई मूल सिद्धान्तको रूपमा प्रयोग गरी विवेच्य कवितासङ्ग्रहको विश्लेषण गरिएको छ ।

## जडताको ताण्डव *कवितासङ्ग्रह*मा समाजशास्त्रीय चिन्तनका सन्दर्भ

कवि उमेश उपाध्यायद्वारा लिखित *जडताको ताण्डव* कवितासङ्ग्रहमा पाँचओटा लामा कविताहरू सङ्गृहीत छन् । यसअन्तर्गत 'जडताको ताण्डव', 'ओछ्यान', 'अङ्क, अक्षर, शब्द, सङ्केतहरूमा म', 'उचाइमा एक्लो', 'निन्द्रामय तन्द्रामय' शीर्षकका लामा कविताहरू रहेका छन् । सबै कविता गद्यलयमा संरचित छन् । पहिलो शीर्षकअन्तर्गत नौ, दोस्रोमा बार, तेस्रोमा आठ, चौथोमा पाँच र पाँचौँमा चार खण्डमा बाँडी उल्लेख गरिएको छ । यी सबै कविता दार्शनिक छन् (पोखेल, भूमिका, पृ.५) । ... यी कविताभित्र वर्तमानको चित्कार मिहिन र काव्यिक रूपमा आएको छ र आधुनिक नेपाली कविताका मूल स्वर राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् धार्मिक सत्ताले सिर्जना गरेका विभेदको पर्खाल भत्काई समतामूलक समाजको निर्माण गर्ने कुरामा केन्द्रित छ (उप्रेती, भूमिका पृ. १४) । समकालीन युगजीवनका समाजका अनेक क्षेत्रमा देखिएका विसङ्गत पक्षहरूको उद्घाटनमा केन्द्रित यसमा सङ्कलित कविताहरूमा अभिव्यक्त समाजशास्त्रीय चिन्तनका बारे निम्नानुसारका उपशीर्षकहरूमा अनुशीलन गरिएको छ :

## आक्रान्त युगको अभिव्यञ्जना

कवि उमेश उपाध्याय युगीन मानवीय संवेदनालाई सफल रूपमा उजागर गर्न सक्ने स्रष्टा हुन् । यिनले प्रस्तुत कवितासग्रहमा सङ्कलित कवितामा मूलतः युगीन मानवीय संवेदनाको आक्रोशपूर्ण अवस्थालाई प्रस्तुत गरेका छन् । मानवीय जीवनमा आक्रोश आउने अनेक कारण हुन सक्छन् । तीमध्ये सामाजिक संरचनामा देखिएको विसङ्गतिका कारण मान्छेमा आक्रोश उत्पन्न हुने गर्छ । स्वाभाविक रूपमा मानिसमा शान्तिपूर्ण जीवन जिउने अपेक्षा हुन्छ । विद्यमान सामाजिक संरचनामा देखिने विरूप अवस्थाले भोक्ता मानिसलाई आक्रान्त पार्ने गर्छ । यस्तो अवस्थामा मानिसका आनन्द एवम् खुसी क्षणहरू खोसिन्छन् । शान्तिको चाहनामा विपर्यायको अवस्था सिर्जना हुन पुग्छ । यस्तो विषम अवस्थाबाट मुक्त हुन मानिस हरदम सङ्घर्षरत रहन्छ । सङ्घर्षका रूपहरू सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, मनोवैज्ञानिक जस्ता अनेक प्रकृतिका हुने गर्छन् । यसमा सङ्कलित कवितामा कविले विशेषतः मनोवैज्ञानिक सङ्घर्षको स्वरूपलाई केन्द्रित गरी मानिसका आक्रान्त क्षण र युगको चित्रण गरेका पाइन्छ । मानिसलाई आक्रान्त पार्ने मूल कारण

नै सामाजिक समस्या हो किनभने समाज नै मानिसको आधारभूमि हो वा मुख्य उपभोग्य संरचनागत वस्तु यथार्थ हो ।

कुनै पनि स्रष्टाले सिर्जनाकर्म सम्पन्न गर्नका लागि समाजबाटै विषयवस्तु लिने गर्छ । अर्थात् स्रष्टाका लागि समाज नै विषयवस्तुको मुख्य स्रोत रहेको हुन्छ । मानवीय जीवनमा नित्यनिरन्तर रहने सुखदुःखका कार्यकारण शृङ्खलाको मूल क्षेत्र पनि समाज नै हो । यहाँ कविले विभिन्न कारणले खुसी लुटिएको क्षणलाई विषय बनाई अभिव्यक्ति दिएका छन् । खुसी हराएको सामान्य अवस्था मात्रै नभएर आक्रोश, आवेग, विक्षिप्तता आदिलाई क्षण विशेषमा उल्लेख गरेका छन् । यी आक्रान्त पार्ने क्षणको जन्म गराउने कारक तत्त्वहरूको सङ्केत कवितामा गरिएको छ । त्यसलाई कविले जडता नै यसको मूल कारक तत्त्व भएको जनाएका छन् । कविका अनुसार लामो युगदेखि समाजमा जडता कायम छ । सम्पूर्ण राज्यसञ्चालनका कार्यहरू नै जडताबाट सञ्चालित छन् । देशमा थुप्रै राजनीतिक परिवर्तनहरू भए पनि मानिसले त्यसलाई अनुभूत गर्न सकेका छैनन् ।

यसको कारकतत्त्व नै राज्यको रूढ चिन्तन र व्यवहार हो । यसैले गर्दा मानव जीवन जडतामा जकडिएको छ र उसको उन्नति पनि हुन सकेको छैन । कविका अनुसार जडताले समाजलाई गतिहीन र कुरूप बनाएको लामो समय भएको छ । यसबारे कविले यस्तो अभिव्यक्ति दिएका छन् :

जहाँ गतिहरू लुप्त, क्रियाशीलताहरू सुषुप्त भएका छन् । (जडताको ताण्डव, पृ. १९)

यिनै कारण मानिसमा आक्रोश उत्पन्न भएको छ । मानिसका मनमा निराशा व्याप्त छ र कुण्ठाहरू एकपछि अर्को गर्दै चाङ लागेर थुप्रिएका छन् । राज्य, समाज र अगुवाहरूका युग युगका यस्ता जडताले मानिसलाई पिरोल्नुसम्म पिरोलेको छ । यही युगीन परिवेशले मानिस आक्रोशित मनस्थितिमा बाँच्न विवश छ । यस्तो मनस्थिति लिएर बाँच्न विवश भए पनि मानिसहरू प्रगतिका निम्ति जागरूक रहेका देखिन्छन् । सजगताका साथ उनीहरू अनेक अन्यायका घेराहरू तोड्ने प्रयत्नमा लागेका छन् । विडम्बना उनीहरूको सफल हुन सकिरहेका छैनन् । उनीहरूमा गतिशील चेतनाले काम गर्न सकेका देखिँदैन । अतः गतिशील समाज निर्माणको स्पष्ट मार्गचित्र पनि निर्माण हुन पनि सकेको छैन । त्यसमा विद्यमान जडता मुख्य बाधकका रूपमा रहेको छ । यसरी सामाजिक विसङ्गतिका कारण उत्पन्न निराशा र आक्रोशका क्षणगत अवस्थाको चित्रणमा नै यसमा सङ्कलित कविता केन्द्रित छन् । कविले युगीन आक्रान्त क्षण सामाजिक समस्यालाई यसरी उल्लेख गरेको पाइन्छ :

खुसी आफैँ सामूहिक बलात्कारको आक्रान्त
बलात्कारको सिकार र आहत खुसी
बलात्कारी भय, घृणा, प्रतिशोध र ईर्ष्याहरूको बथान
खुसीलाई थिङ्थिङ्ल्याएर
डामेर, किचेर, उचालेर, पछारेर
मरणासन्न खुसीलाई मकै ठानेर
बलात्कारी बथान उत्तेजित छ जडताको ताण्डवमा (जडताको ताण्डव, पृ. १९-२०) ।

उल्लिखित आक्रान्त अवस्था मानिसकै गतिविधिबाट उत्पन्न भएका बेमेलका परिणाम र प्रतिक्रियाहरूका रूपमा अभिव्यक्त भएका हुन् । यो आक्रोशयुक्त क्षणगत स्वरूप मानव समाजकै बेथिति, कुप्रथा, सामाजिक विसङ्गति, अन्याय आदिबाट सिर्जना भएका हुन् । कविले यसको मूल समस्याका रूपमा युगीन परिवर्तनलाई

आत्मसात् गर्न नसक्ने जड चेतना भएको अभिव्यक्ति दिएका छन् । सामाजिक समस्यालाई कारकस्वरूप र त्यसलाई समाधान गर्ने विचारसहितको अभिव्यक्तिले साहित्य समाजको दर्पण भएको सार्थकता रहन्छ भन्ने स्पष्ट हुन्छ ।

कविका अनुसार व्यङ्ग्यात्मक रूपमा युगीन मानवीय जीवनमा भोगिने वा अनुभव गरिने बलात्कार, घृणा, प्रतिशोध, ईर्ष्या आदि उत्तेजनाको जन्म समाजबाटै हुन्छ । यसरी समाजशास्त्रीय दृष्टिले द्वन्द्वमय क्षणहरूबाट समाज अघि बढिरहेको स्पष्ट हुन्छ । वस्तुतः मानिसबाट धैर्य खोसिँदा, खुसीहरूमाथि दमन हुँदा वा न्यायको स्थान अन्यायले लिएमा आक्रोशजन्य क्षणहरू देखिने गर्छन् । यही आक्रोश नै समाजको विसङ्गत अवस्था हो । त्यसको जन्म हुनुमा सामाजिक बनोट, अर्थव्यवस्था, वर्गचरित्र, राजनीतिक प्रणाली, समाजको थिति, जडता एवम् गतिहीनता आदि पर्दछन् । यी तमाम विसङ्गति वा जडताका विरुद्ध हुने सङ्घर्षहरूको वस्तुपरक अनुशीलन गर्ने विधि भनेको समाजशास्त्रीय पद्धति नै हो । समाजको विकाससँगै समयगत, कालगत वा युगीन क्षणमा एकरूपता रहेको पाइन्न । हरेक युगीन क्षणमा देखिने खराब र असल नेतृत्वका बिचमा द्वन्द्व उत्पन्न हुने गर्छ । खास गरी असल विचार कमजोर र खराब विचार सशक्त बन्दा समाजमा आक्रोश बढ्ने गर्छ र तनाव अझ तीव्र बन्छ । त्यतिबलाको मानिसको मनोदशा उत्तेजित हुने गर्छ । अतः समाजका क्रियाकलापले नै मानिसको मनोदशामा परिवर्तन भई खराबी साम्राज्य कायम गर्दा त्यसबेला आक्रोशजन्य क्षण तथा युगीनताको निर्माण हुने विचार कविले उल्लेख गरेको पाइन्छ ।

यसमा सङ्कलित सबै कवितामा तनावग्रस्त क्षणको चित्रण गरिएको छ । सामाजिक संरचनाको गलत युगीनताको कुरूप प्रतिविम्ब उतारिएको छ । यसबेला मानिस अत्यासलाग्दो वा कहालिलाग्दो जीवन जिउन विवश छ भन्ने कविको विचार रहेको छ । आनन्द र खुसीको क्षण खोसिएको र मानिस निराशा भएको कुरालाई कविले बिम्बात्मक रूपमा यसरी प्रस्तुत गरेका छन् :

कालको निर्जीवतामा चोबलिएको चिसो
अत्यास लाग्दो र चिसो लामो घुरान
एक लय एक तालको लामो झर्को लाग्दो
असहनीय कालो घुरान
सारा आदर्शहरू निष्क्रियताको ढुसीग्रस्त खगोलमा
यसरी मुर्छित निन्द्रा घुर्छन्
जडताको ताण्डव निर्बाध चलिरहन्छ । (जडताको ताण्डव, पृ. २२)

समकालीन युगीन जीवन प्रेमिल बन्दै छ तर बलात्कारीहरू समाजमा सल्बलाइरहेका छन् । यही कारण सुन्तली धामीहरूको यौवन लुटिन्छ । उनीहरूले न्यायको ढोका घचघच्याए पनि न्याय पाउने अवस्था छैन । समाजमा कति विभेद छ भन्ने सन्दर्भलाई कवि यसरी व्यक्त गर्छन् :

जघन्य अपराधहरूको एक मात्र साक्षी
जसलाई कुनै अदालतमा सत्य बक्न बोलाइँदैन
सत्य लुकाएर बसिरहने गर्छ ओछ्यान । (ओछ्यान, पृ.३६)

समाजमा असमानता एवम् अस्तव्यस्तता व्यापक छ । यसले सङ्गिगो समाजलाई गाँजेको छ । यसले समाजमा असमानता सिर्जना गरेको छ भन्ने कुरालाई कविले यसरी प्रस्तुत गरेका छन् :

हरेक वर्गका ओछ्यान फरक फरक देखेको छु । (ओछ्यान, पृ.४२)

समाजमा वर्गभेद व्यापक छ । यहाँ हुने खाने र हुँदा खानेका बिच व्यापक विभेद छ । विभेदका विरुद्ध समानताका लागि युद्धहरू पनि भएका भन्ने सन्दर्भलाई कविले यसरी व्यक्त गररेका छन् :

अङ्क अक्षरहरूमा शासकहरूका महत्त्वाकाङ्क्षाको डढेलो पनि देखेको छु । (अङ्क, अक्षर, शब्द, सङ्केतहरूमा म, पृ.४७)

सफलता हासिल गर्न समाजमा एक्लै हिँडेर केही उपलब्धि हासिल गर्न सकिन्न । सामूहिक प्रयासबाट मात्रै समाजका जडताको अन्त्य सम्भव छ भन्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

जति उचाइसम्म तन्किए पनि रुखले धरती छोडेको देखिएको छैन
एक्लोपनाको अनुभूतिबाट कहिल्यै नपिरोलिने रुखहरू
सामूहिकताका ए जीवन्त प्रतीकहरू ! (उचाइमा एक्लो, पृ. ५४)

कवि उन्नत सपनाका पक्षमा देखिन्छन् तर गलत सपना बाँड्नेहरू कति छन् कति । युगमा थुप्रै परिवर्तन देखिए पनि जडताका बथानहरू जिउँदै छन् । कवि सपना विपनामा अनूदित हुन सकून् भन्ने चाहन्छन् तर तिनीहरूको भूमिका समाप्त भएको छैन भन्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

आज पनि सपनाका बथानहरू जीवन्त छन् । (निद्रामय तन्द्रामय ,पृ. ६४)

समाजमा जडता कायम छ । यो विकास विरोधी, मानवता विरोधी, गतिशीलता विरोधी, न्यायको विरोधी, करुणा र उदारताको विरोधी, समय सापेक्षताको विरोधी, मानव संवेगको अपेक्षाको विरोधी चेतनाका रूपमा सक्रिय छ । यही कारण समाज माथि उठ्न सकिरहेको छैन । अत्यासलाग्दो युगीन परिवेशका कारण त्यसको प्रतिशोधमा आक्रोश उत्पन्न भएको छ । यसरी आक्रोशयुक्त सामाजिक सन्दर्भको उजागर गरिएबाट सामाजिक संरचनाको विसङ्गत अवस्था विद्यमान रहेको स्पष्ट पारिएको छ ।

## युद्ध तथा हिंसात्मक क्षणको अभिव्यञ्जना

यसमा सङ्कलित कवितामा युद्ध तथा हिंसात्मक क्षणको सशक्त अभिव्यक्ति पाइन्छ । वस्तुतः युद्ध पटक्कै मानिसको चाहनाभित्र पर्दैन तर मानिसहरूले ठुल्ठुला युद्ध गरेका छन् । युद्धले गर्दा युद्ध नै नगर्ने मानिसहरूलाई असर गरिरहेको हुन्छ । कविका अनुसार युद्धले नकारात्मक र केही सकारात्मक असर पनि पारेको देखिन्छ । वैचारिक युद्धले सकारात्मक असर पार्छ भने हिंसात्मक, शारीरिक युद्धले नकारात्मक असर पार्ने गर्दछ । युद्ध हुनुमा कार्यकारण शृङ्खला हुन्छ । सामाजिक संरचना र विचारका कारण समाजमा क्रिया प्रतिक्रिया हुने गर्छन् । युद्धको प्रकृतिअनुसार समाजमा मानिसका सामाजिक, युगीन विचार तथा क्षणगत संरचनाको बोध हुने गर्छ । निश्चित कारण एवम् उद्देश्यका साथ युद्ध हुने गर्छ । यस्तो युद्धको मूल कारक भनेको राजनीतिक चेतना, राजनीतिक द्वन्द्व हो भन्ने कविको विचार छ ।

सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक परिवेशमा आएका बेमेलका कारण युद्धको वातावरण सिर्जना हुन्छ । यसले सामाजिक संरचना एवम् परिवेशमा नयाँ परिणाम ल्याउने काम गर्छ । त्यो परिणाम भनेको मानिसका युगीन चेतनामा आउने परिवर्तन हो । वस्तुतः मानिस नै शान्ति र युद्धका उपज हुन् । अतः मानिसका जड चिन्तन, सङ्कीर्णता, अनुदार व्यवहार, क्रूर स्वभाव आदिले नै युद्ध निम्त्याउने गर्छन् । यसै कारण मानिस युद्धबाट आक्रान्त बन्ने गर्छ । केही मानिस युद्ध नै सबै समस्याको समाधान हो भन्ने ठान्छन् तर युगलाई सकारात्मक दिशामा परिणत गर्न चाहने, समाजलाई युद्धका सम्भावित खतराबाट मानवीय

शान्तिको परिवेशमा फर्काउन चाहने मानिसहरू युद्धको कारक रूपको खोजी गरी त्यसको समाधान पहिल्याउनतिर लाग्छन् । युद्धजन्य हिंसात्मक अवस्थाको यथार्थलाई कवि यसरी उल्लेख गरेका छन् :

न कुनै मध्यस्थता न कुनै सम्झौता
चलिरहेछ यो युद्धको निरन्तरता
....
कहिल्यै समाप्त नहुने जडता र गतिको यो अन्तहीन युद्ध
मौनता र आवाजको यो अन्तहीन युद्ध । (जडताको ताण्डव, पृ. २३)

युद्ध कहिल्यै अन्त्य नहुने प्रकारको छ भनेर कवि युद्धको युग चेतना प्रस्तुत गर्छन् । मार्क्सवादी विश्वचेतनाअनुसार आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक संरचनाले पनि वर्ग निर्माण भई युद्ध हुन्छ धर्मका कारण पनि युद्धहरू प्रशस्त भएका छन् । धार्मिक चेतनासम्बन्धी मनोविज्ञानमा समाजमा जब्बर रूपमा रहेको हुन्छ । यसले पनि मानिसलाई जड बनाएको हुन्छ र यही जडता नै युद्धको गर्भ हो । यसरी कविले मूल उद्देश्य जडताको चित्रण गर्नु र यसको कारण खोज्नु अनि जडतालाई भत्काउनु हो । जडता लामो युग युगदेखि रहेको र त्यसको अन्त्यका निम्ति युग युगदेखि प्रयासहरू पनि भएको कविले उल्लेख गरेका छन् । जडताको अन्त्य गर्न दार्शनिक, वैज्ञानिक, साहित्यकार, समाजसेवी जस्ता थुप्रै मानिहरूले बौद्धिक प्रयास गरेको धारणा यसरी प्रस्तुत गरेका छन् :

जडतालाई चिर्न थालेको धेरै भयो यो भूमिमा
अष्टावक्रले, याज्ञवल्क्यले आफ्ना ऊर्जाको कालखण्डमा चिरेकै हो
प्राचीन युगमा जनकले, गार्गीले यही माटोमा । (जडताको ताण्डव, पृ. २४)

यस कवितांशले हाम्रो समाजको गतिशीलता प्राचीन युगदेखि युद्ध हुँदै आएको बोध गराएको छ । ऐतिहासिक युगका प्रबुद्ध व्यक्तिहरूले समाजलाई जागृत गगराई चेतना जगाउन, जड वा रूढ तत्वलाई फाल्न बौद्धिक, प्राज्ञिक प्रयासहरू गरेका थिए भन्ने पनि सङ्केत गरिएको छ । इतिहासको लामो कालखण्डमा ऐतिहासिक व्यक्तित्वहरूबाट जडताका विरुद्ध लडेका युद्धको अभिव्यक्ति यसरी प्रस्तुत गरिएको छ :

अंशुवर्माले पनि चिरेकै हो
पृथ्वीले, भीमसेनले, लखन थापाले
योगमायाले जडताविरुद्ध
पूर्ण ऊर्जाका साथ लडेकै हो,
गंगालालले, दशरथचन्दले, शुक्रराजले, धर्मभक्तले, भीमदत्तले
देवकोटाले, समले, धरणीधरले, महानन्दले
रिमालले, गोकुलले, भूपिले, पारिजातले
आदरणीयहरू कतिको नाम गन्नु मैले
यी साराले जडताविरुद्ध जीवनभरि लडेकै हो
तैपनि जडता रक्तबीज झैं अमरत्वमा गतिसँगसँगै
समानान्तर दौडिरहन्छ । (जडताको ताण्डव, पृ. २५) ।

विश्व मानव समुदायमा विविध प्रकारका हिंसाहरू देखिन्छन् । समाजमा विद्यमान जडताका कारण हिंसात्मक क्रियाकलाप हुने गर्छन् । मानिसकै गतिविधिले हिंसात्मक समाजको निर्माण हुने गर्छ । कविका अनुसार मान्छेकै बल, बुद्धि र गम्भीर चेतनाबाट यसको समाधान पनि हुने गर्छ । वास्तवमा हिंसाको परिणाम कहिल्यै पनि सुखद हुन्न । हिंसाले निम्याउने परिणाम हिंसात्मक तथा प्रतिहिंसात्मक पनि हुने गर्छ । हिंसाको सही समाधान नगर्नु भनेको निरन्तर हिंसाको शृङ्खलामा जकडिनु हो । मान्छेका गलत मनोवृत्तिबाट सिर्जित बलात्कार, जातीय विभेद, बोक्सी प्रथा, लैङ्गिक विभेद जस्ता अन्धविश्वास, रूढितन्त्र आदिलाई कविले यसरी गरेका छन् :

बलात्कृत महिलाका रोदनहरू
बोक्सीका आरोपमा प्रताडित महिलाका असहाय रोदनहरू
विवेकका कुना कुनामा
भोकको शिथिल सासफेराइ । (जडताको ताण्डव, पृ. २८)

उल्लिखित कवितांशमा अन्धविश्वास र पितृसत्तात्मक सोचले जन्माएका गलत प्रवृत्ति तथा अमानवीय रूपमा हुर्केका सामाजिक विसङ्गतिको क्षणलाई प्रस्तुत गरिएको छ । नारीमाथि पितृसत्ताको उदय भएपछि बोक्सी प्रथाले जरा गाडेको देखिन्छ । समाजमा महिलाहरूलाई हेर्ने अमानवीय दृष्टिकोण यस्तै अन्धविश्वाससँग गाँसिएको छ । वस्तुतः यो प्राचीन धार्मिक अन्धविश्वासको युगदेखि उत्पत्ति भई आजसम्म कायम छ । यसले समाजलाई नै जड बनाएको छ । यस्ता जडताका विरुद्ध कविको सिर्जनशील चेतना सामाजिक चेतनाका रूपमा रूपान्तरण भई यसरी व्यक्त गरिएको पाइन्छ :

पुराना शासकहरूको दोष गन्ती गरेर
तिमीप्रति ऊ आभारी भइरहँदैन
घाम र जुनको उज्यालोले मात्रै पुग्दैन उसलाई
यथास्थितिको किलोमा उनिएर बसिरहँदैन ऊ
ए शासनका केन्द्र भागमा उक्लेर जडताको उपासनामा मस्त
सत्ता भोगिरहेका खलनायकमा रूपान्तरित पूर्वनायकहरू । (जडताको ताण्डव, पृ.३०)

उक्त अंशमा जडता शासकीय प्रवृत्तिमा हाबी भएको विचार प्रस्तुत गरिएको छ । शासकले पुराना शासकको गल्तीलाई औँल्याएर आफ्नो शासन सत्ता टिकाउने काम गरेको र त्यस्तो प्रवृत्तिको टिकाइ गलत रहेकाले मानवविकासका लागि र समाजको अग्रगामी चेतनाका लागि घातक हुने विचारलाई कविले उल्लेख गरेका छन् ।

समाजमा विद्यमान जडताका विरुद्ध सशक्त प्रतिकार गर्नुपर्ने धारणा कविले अघि सारेका छन् । जडताको अन्त्य गर्ने चिन्तन पनि क्षणगत वा युगीन विचार नै हो । एकै युगमा जडता र जडता विरोधी क्षणगत विचारहरू समाजमा पाइन्छन् । यस्ता दुवै प्रकारका जडताहरूको अन्त्य गर्नुपर्ने विचारलाई कविले यसरी उल्लेख गरेका छन् :

वर्गहरूको यो सामाजिक संरचना फेर्नुछ
यो यात्रामा विभेद र विषमताको बाटैमा चिहान खन्नुछ
आऊ उत्साही युवाहरू चिहान खन्न
र सभ्यतालाई दौडाउनुछ एकपछि अर्को अनेक गन्तव्यसम्म । (जडताको ताण्डव, पृ. ३२)

जडताका कारण मान्छेले ठुल्ठुला युद्ध लडेको छ । उसले युद्ध लड्ने ताना ओछ्यानमा बसेर बुन्छ । समाजमै उत्पत्ति भएको जठताको अन्त्य कसरी हुन्छ भन्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

...सबै युद्धहरू मान्छेले ओछ्यानबाटै तुनेर बुनेर
सूर्योदयमा ओछ्यानबाटै उठेर लडेको छ
र सूर्यास्तसँगै ओछ्यानमा पुगेरै
युद्ध हरेक साँझ बिसाएको छ । (ओछ्यान, पृ.४१)

युद्धले कहिल्यै सुसन्देश दिँदैन तर युद्ध लड्नु समयको आवश्यकता हो । जडताका विरुद्ध युद्ध हुने गर्छन् । कवि युद्धका पक्षमा नदेखिए पनि आवश्यकता वा वाध्यताले युद्ध लड्नुपर्ने हुन्छ भन्दै युद्धका विपक्षमा कविले आफ्नो अभिमत यसरी प्रकट गरेका छन् :

मान्छेको सभ्यता- हाम्रो सभ्यता युद्धको असभ्यता हो
हाम्रो सभ्यता रक्तपातको असभ्यता हो । (अङ्क, अक्षर, शब्द, सङ्केतहरूमा म, पृ. ४९)

मानवीय सभ्यताको विकासक्रममा असल र खराब सपनाहरूका बिच टकराब भइरहन्छ । अहम्को यो टकराब अनादिकालदेखि चल्दै आएको र निरन्तर चलि नै रहने शाश्वत पक्षलाई कविले यसरी प्रस्तुत गरेका छन् :

दुष्ट सपनाहरूसँगको भिडन्त पनि निरन्तर छ
अनन्त यात्रा जारी छ । (निद्रामय तन्द्रामय, पृ. ६४)

यसरी विद्यमान जडताको साम्राज्यलाई भत्काउनुपर्छ भन्ने सचेतनामूलक चिन्तन प्रकट भएको पाइन्छ । जडतालाई मलजल गर्ने र जडता भत्काउने दुई विपरीत विचारको द्वन्द्व समाजमा देख्न पाइन्छ । जडता विरोधी चेतनाका कविहरू यसलाई समाजशास्त्रीय आधारमा विश्लेषण गरी समाधानको बाटो खोज्छन् । कविले यहाँ जडतारूपी साम्राज्यको विरोध गरेका छन् । साथै, वर्गीय स्वरूपको अन्त्य गर्ने काम चेतनशील वर्गको दायित्व भएको विचार पनि प्रस्तुत गरेका छन् । उत्साही युवाहरूलाई क्रान्तिकारी चेतना सम्प्रेषण गरी जडता अन्त्य गर्ने काममा लाग्न अह्वान गरेका छन् । युवाहरूको जोसमा जडता विरोधी विचार भर्ने कविको विचार युग बोधको क्षण संरचना हो ।

**मानव विकासको युगीनता**

कवि उमेश उपाध्यायले यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरूमा मानव विकासको युगबोधलाई पनि चित्रण गरेको पाइन्छ । यिनका अनुसार मानवीय सभ्यता एवम् विकासको सुदीर्घ परम्परा रहेको छ । यस क्रममा अनेक युगीन अवस्थाहरू पार गर्दै मानव सभ्यताको विकास भएको हो भन्ने कविको ठहर छ । यसप्रकार कविले मानवशास्त्रीय विकासको स्वरूपलाई प्रस्ट रूपमा उल्लेख गरेका छन् । समाजशास्त्री पाण्डेयका मतमा आजको समाजमा जे जस्तो साहित्यकार र सामाजिकताको अवस्था रहेको छ, त्यो अवस्था पुरानो सामन्ती समाज जस्तो रहेको छैन (सन् २०१६, पृ. ३६) । वस्तुतः हिजोआजका मानिसमा जुन उच्च चेतना देखिन्छ त्यो एकाएक उत्पत्ति भएको होइन । यसको क्रमिक विकाससँगै अनेक आरोहअवरोहका विविध युगहरू पार गर्दै गएपछिको परिणति हो भन्ने तर्क समाजशास्त्री, मानवशास्त्री र वैज्ञानिकहरूको मत रहेको छ । उनीहरूले लामो अध्ययन र अनुसन्धानपछि यस्तो निष्कर्ष निकालेका पाइन्छ । साहित्यको समाजशास्त्रीय अध्ययनले स्वीकार गरेका युगीनतासम्बन्धी मान्यताका आधारमा कविले मानव विकासको क्रमिक

सिद्धान्तलाई युगबोधका रूपमा उल्लेख गरेका छन् । यिनले मानव जीवनका युग विकासका यात्रालाई कवितामा प्रकट गर्ने प्रयास गरेका छन् । यो कविको मानव विकासम्बन्धी क्षण संरचनाको एक अनुसन्धेय विषयगत चित्रण पनि हो । कविले मानव विकासको यात्रालाई यसप्रकार प्रस्तुत गरेको पाइन्छ :

> सुन्दर सपनाहरूको बथानबाटै सुरु भएको हो मेरो यात्रा
> लाखौँ वर्षअघि बाँदरको एउटा प्रजातिले देखेको सुन्दर सपनाबाट
> सुरु भएको हो मेरो यात्रा
> जब चार खुट्टाले टेक्न छोडेर दुई खुट्टामा उभिँदै
> सपना कोरल्न थाल्यो मानिसले
> बाँदरबाट मानिसमा रूपान्तरित हुँदै गएको
> त्यो आदिम संसारका सपनाका ती बथानहरू
> दुई खुट्टामा उभिएर हुर्काइएका सपनाका ती आदिम बथानहरू
> आज पनि मानिस जीवन्त छ
> झन् सङ्घर्षशील झन् संवेदनशील
> आज पनि सपनाका बथानहरू जीवन्त छन् । (जडताको ताण्डव, पृ.६४)

उल्लिखित कवितांशमा कविले सपनाहरूको सौन्दर्यलाई मानव विकासको यात्रासित जोडेर व्याख्या गरेका छन् । मानिसले दिनमा सपना देख्छ । कविका अनुसार दिनमा देखेको सपना मानिसले भविष्यको यात्राका निम्ति बनाएका योजना हुन् । तिनै योजनाले नै मानिस गतिशील, प्रगतिशील, उन्नतिशील, द्वन्द्वात्मक, आविष्कार उन्मुख, अध्ययनशील, तर्कशील, विश्लेषक, स्वप्नद्रष्टा, सिर्जनशील, नवीन चेतना र अतीत चेतना भएको वैज्ञानिक, भविष्यकामी चिन्तक बन्ने गर्छ । यो मानव विकासमा देखिने वस्तुगत अवस्था हो । यो अवस्था मानव विकासको इतिहासमा धरोहर रूपमा रहेको छ । मानव विकासको अवस्थालाई कविले भौतिक विकासको यात्राबाट मानव विकासका युगहरू निर्माण भएको र यसैमा हाम्रो समाजको युगीनता निर्माण भएको युगीन क्षणको विचारलाई उल्लेख गरेको पाइन्छ ।

भौतिकवादी सिद्धान्तअनुसार लाखौँ वर्षअघि बाँदरको प्रजातिबाट मानव जीवनको यात्रा आरम्भ भएको हो । त्यही विचार नै मानव विकासको सिद्धान्त र समाज निर्माणको जग वा पृष्ठभूमि हो । क्रमशः मानिसमा चेतनाको विकास गुणात्मक र मात्रात्मक रूपमा बढ्दै जाँदा उसले आफ्ना जडताहरू कम गर्दै लगेको हो । यसकै विकासका चरणमा विवेकशील मानिस भएर आजको समाज बनाएको हो । यसरी कविबाट मानिस चारखुट्टे प्राणीबाट दुई खुट्टे प्राणीसम्म आइपुग्दा भएका विकास यात्रामाथि प्रकाश पार्ने काम भएको छ । यस क्रममा कविले मानिसको विकास सङ्घर्षको परिणाम हो भन्ने विचारलाई प्रस्तुत गरेका छन् । यस विचारलाई मानवशास्त्री र समाजशास्त्रीहरूका सैद्धान्तिक मान्यताहरूले पनि सिद्ध गरिसकेका छन् । मानिस युगौँअघि बथानमा थियो, त्यो बाँदर युग, मानव उन्मुख युग, जङ्गली युग, पाषाण युग, सिकारी युग, सामाजिकीकरण तथा कृषि युग, धार्मिक कट्टरताको मध्यकालीन बर्बर युग, विकासको उपल्लो युग, सामन्ती युग, औद्योगिक युग र अधुनिक युगसम्म आउँदा चेतनाका तहहरूमा पनि परिवर्तन हुँदै आएका छन् । आज मानव समाज प्रविधिको विकास र सूचना संयन्त्रको युगमा उभिएको छ । मानव समाज आज बथानमै छ तर हिजोभन्दा स्वरूपमा फरक छ । हिजो बथानमा रहँदा चेतनाको र भौतिक सुख सभ्यताको अवस्था अलग थियो । गुफा युग र भवन युगमा आउँदा धेरै परिवर्तन भएका छन् । अलग अलग रहनु मानिसको सुन्दरता

हो । यो मानिसको चेतना उपज हो । चेतनामा नै सौन्दर्यबोध हुन्छ । यसले मानवीय विकासका अनेक युगीन चरणहरूलाई सम्बोधन गरेको छ। यसप्रकार कविले युगीन क्षणका विभिन्न मानव विकासका स्वरूपको सूक्ष्म रूपमा उल्लेख गरेका छन् ।

## निष्कर्ष

कवि उमेश उपाध्यायले समकालीन सामाजिक युगचेतनालाई फरक तरिकाले प्रस्तुत गरेको पाइन्छ। यिनले यस कवितासङ्ग्रहमा आलोचनात्मक यथार्थवादलाई केन्द्रमा राखेर आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । यहाँ सङ्कलित कविताहरूलाई समाजशास्त्रीय सिद्धान्तमध्ये क्षणगत मान्यताका आधारमा विवेचना गरिएको छ । वस्तुतः हिजोको युगदेखि आजको युगसम्मको क्षणगत चिन्तन र त्यसको बाधक जडताको प्रस्तुतिमा केन्द्रित यस कवितासङ्ग्रहका कवितामा मूल समाजशास्त्रीय चिन्तन प्रस्तुत गरिएको छ । यस आधारमा यिनका कवितामा मूलतः वर्तमान मानव समाजका असन्तोष, आक्रान्त अवस्था, दीनता, शासकीय क्रूरता र जडता, गतिहीन चरित्र आदिको चित्रण गरिएको छ भन्ने प्रस्ट हुन्छ । यिनै क्षणगत चेतनालाई कविले समाजशास्त्रीय चिन्तनको आधार मानेर कविताको वस्तु र विचार निर्माण गरेका छन्

साहित्यका समाजशास्त्रीय समालोचक तेनले स्वीकार गरेको साहित्यको क्षण, प्रजाति र पर्यावरणका आयामहरू मूल रूपमा कवि उमेश उपाध्यायका कवितामा समेटिएका छन् । तीमध्ये पनि यिनका कवितामा पाइने क्षणगत तथा युगबोधलाई हेर्दा युग विकासका क्रममा देखिएका जडता नै सामाजिक जडता भएको, प्रगतिको बाधक भएको, आम मानिसको सुखी, सभ्यता र खुसीको बाधक भएका तर्कहरू प्रस्तुत गरिएका छन् । यिनले मूलतः युद्ध, हिंसा, बलात्कार, अन्याय, अत्याचार, अनिर्णयलाई समाजको नकारात्मक विकास मानेका छन् । यसको कारक तत्त्व जडता रहेको कविको तर्क छ। जडता विकास र प्रगतिको बाधक भएकाले त्यसको अन्त्य नै समाधानको सूत्र रहेको युग चिन्तन पाइनु यस शोधलेखको निष्कर्ष हो । यिनी युगबोधलाई यथार्थीकरण गरी समाजमा अनेक जडताका रूपहरू रहे तापनि यसको अन्त्य गर्न युवाहरू आउनु पर्ने र यसको अन्त्य गरी सुन्दर मानव सपनाहरूको साकार समाज र जीवनको गति अघि बढाउनु पर्ने समाधानका उपाय प्रस्तुत गर्नु नै यस शोधलेखको निष्कर्ष रहेको छ । यिनै कुराहरू कवि उपाध्यायका कवितामा पाइने युगीन चिन्तन हो भन्ने निष्कर्ष निकाल्नु वाञ्छनीय हुन्छ ।

## सन्दर्भसामग्री सूची


उपाध्याय, उमेश (२०७३). *जडताको ताण्डव.* मोरङ : मदन भण्डारी स्मृति प्रतिष्ठान ।

उप्रेती, टङ्क (२०७३). “जडताको ताण्डव : सरल शैलीमा दृढ विचारका कविता”. *जडताको ताण्डव* (भूमिका, पृ.१४). मोरङ : मदन भण्डारी स्मृति प्रतिष्ठान ।

जैन, निर्मला (सन् १९९२), *साहित्यका समाजशास्त्रीय चिन्तन,* सम्पा. दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय ।

तेन, हिप्पोलाइट एडोल्फ (सन् १८७१). *हिस्ट्री अफ इङ्लिस लिटरेचर.* (अनु. भी. हाङ लाउङ). न्युयोर्क : भोलुम १, एच् एल्टिडी. विलियम्स ।

पाण्डेय, मैनेजर (सन् २०१६). *साहित्य और समाजशास्त्रीय दृष्टि.* हरियाणा. आधार प्रकाशन प्राइवेट लिमिटेड ।

पोखेल, माधवप्रसाद (२०७३). “उमेशका कविताको लाक्षणिकता”. *जडताको ताण्डव* (भूमिका, पृ.५). मोरङ : मदन भण्डारी स्मृति प्रतिष्ठान ।

ब्रेख्त, बर्तोल्ट (२०७७). सत्य कुरा लेख्दा आइलाग्ने पाँच कठिनाइ. *सत्य र सत्ता.* (सम्पा. खगेन्द्र सङ्ग्रौला). काठमाडौँ : बुक हलि पब्लिकेसन प्रा.लि. पृ. ६९-९० ।

विलियम्स, रेमन्ड (सन् २०१०). *मार्क्सीसिज्म एन्ड लिटरेचर.* अक्सफोर्ड : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

सिंह, बच्चन (सन् २००७). *साहित्य का समाजशास्त्र.* इलाहाबाद : लोक भारती प्रकाशन ।

गोल्डमान, लुसिएँ (सन् १९८०). *एस्से अन मेथड इन द सोसियोलोजी अफ लिटरेचर.* (सम्पा. विलियम्स क्यु. बोहेल्आवर). स्यन्ट लौस : टेलोस प्रेस ।